# खत्याड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रामतडी, मुगु
कर्णाली प्रदेश,नेपाल

मिति : २०८२।०८।१९
नेपाल संवत ११४६ थिंलागा पारु

प. सं. : २०८२/०८३
च. नं. :

---

**विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।**

श्री यो जो जससँग सम्वन्धित छ।

मुगु जिल्ला खत्याड गाउँपालिका अन्तर्गत श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय खत्याड-१, कर्मासीमा रिक्त रहेको प्राथमिक तहको शिक्षक पदमा सरुवा प्रक्रिया अगाडी बढाइदिन भनि विद्यालयको पत्र संख्या २०८२/०८३, च. नं. २७, मिति २०८२।०८।१४ को पत्रबाट अनुरोध भइ आएकोले सम्बन्धित तहका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिक्षा नियमावलीको अनुसूचि -१७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईको सहमति सहित सम्वन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

२०८२।०८।१९

.........................
(नन्दकृष्ण पाध्याय)
प्रमुख प्रशासकीय अधिकृत

पुनश्चः

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना shreersschool2032@gmail. com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ र केही बुझ्न परेमा विद्यालयको मोबाइल नम्वर ९८४८२५२२०२ मा सम्पर्क गर्न सकिनेछ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुने छैन ।

<u>बोधार्थ :</u>

श्री शिक्षा विकास तथा समन्वय इकाई, मुगु : यो सूचना तहाँको वेबसाइटमा समेत प्रकाशन गरिदिन हुन।

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी , भक्तपुर ।

श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय खत्याड-१, कर्मासी, मुगु ।

श्री सूचना तथा प्रंविधि शाखा : यो सूचना वेबसाइट र फेसबुक पेजमा अपलोड गरिदिन हुन।